कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, हुम्ला

प.सं:- ०८२/०८३
च.नं.:-

## सुचिकृत/ कार्यक्रम माग पेशको निवेदन आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०६/२७)**

कृषि विकास कार्यालय, हुम्लाको आ.व. २०८२/०८३ को वार्षीक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रम संचालन गर्नु पर्ने भएकाले यस कार्यालयमा सुचिकृतको लागि सम्बन्धित क्षेत्रका ईच्छुक कृषक, कृषक समुह, सहकारी संस्था, व्यवसायीक फर्म/कम्पनी/उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०८२/०७/२६) भित्र तोकिएको ढाँचामा निवेदन पेस गर्न हुन आह्वान गरिन्छ। यस सम्बन्धी थप जानकारीका लागि सूचना र प्रस्ताव फारम कार्यालयको Website: www.adohumla.gov.np मा हेर्न वा डाउनलोड गर्न वा कार्यालयको टेलिफोन नं ०८७-६८००११ वा ९८५८३९१६४० मा सम्पर्क गर्न सकिनेछ ।

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | स्वीकृत बजेट रु. (हजारमा) | संचालन हुने प्रमुख क्रियाकलापहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषि यान्त्रीकरण कार्यक्रम | पटक | १ | १००० | कृषि उत्पादन र उत्पादनोपरान्त कार्यका लागि प्रयोग हुने मेशिनरी औजार, यन्त्र, उपकरणहरु अधिकतम् ५०% अनुदानमा वितरण | |

**आवश्यक कागजातहरु**

**(क) व्यक्तिगत कृषक, कृषक समूह र उपभोक्ता समूहको लागिः**

१. रु. दशको हुलाक टिकट टाँस गरि अनुसूची-१० बमोजिमको निवेदन प्रस्ताव फारम ।
२. ब्यक्तीको हकमा नागरिकता र समूहको हकमा समूह दर्ता प्रमाण पत्रको प्रतिलिपि।
३. समूहको निर्णय प्रतिलिपि।
४. समूहले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र।
५. अधिकार प्राप्त पदाधिकारी वा ब्यक्तिगत कृषकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो १ प्रति।
६. यदि समूहको कुनै सदस्यले एकल रुपमा कृषि यन्त्र उपकरणहरु लिन चाहेमा समूहको निर्णय सहितको सिफारिस पत्र पेस गर्नु पर्ने।

चुडामणी पन्त
कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, हुम्ला

प.सं:- ०८२/०८३

च.नं.:-

७. समूहको कुनै सदस्यले कृषि औजार यन्त्र उपकरणहरुको सञ्चालन तथा मर्मत सम्बन्धि तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपि।

८. जग्गाधनी पूर्जाको प्रतिलिपि वा जग्गाको कर तिरेको पूर्जाको प्रतिलिपि।

९. आफ्नो नाममा जग्गा नभई आफ्नै एकाघरको परिवारका नाममा जग्गा भएमा नाता खुल्ने प्रमाणको प्रतिलिपि।

१०.आफूले भोगचलन गर्दै आएको जग्गा करारमा लिएको भए कम्तीमा पाँच वर्ष सम्झौता अवधि रहेको प्रमाणको प्रतिलिपि।

**(ख) सहकारी संस्था, नीजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीको लागिः**

१. रु. दशको हुलाक टिकट टाँस गरि अनुसूची-१० बमोजिमको निवेदन प्रस्ताव फारम ।

२. संस्था वा फर्म, कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।

३. संस्था वा फर्म, कम्पनी नवीकरण प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र।

४. संस्था वा फर्म, कम्पनीको स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि।

५. लेखापरीक्षणको प्रमाणित प्रतिलिपि।

६. गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

७. संस्था वा फर्म, कम्पनीको निर्णय प्रतिलिपि।

८. संस्था वा फर्म, कम्पनीले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र।

९. अख्तियारी प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो एक प्रति।

१०. संस्था वा फर्म, कम्पनीले भोगचलन गर्दै आएको जग्गा करारमा लिएको भए कम्तीमा पाँच वर्ष सम्झौता अवधि रहेको प्रमाणको प्रतिलिपि।

११. जग्गाधनी पूर्जाको प्रतिलिपि वा जग्गाको कर तिरेको पूर्जाको प्रतिलिपि।

चुडामणी पन्त
कार्यालय प्रमुख

"व्यवसायिक र सिर्जनशिल प्रशासनः विकास, समृद्धि र सुशासन"

☎ टेलिफोन नं: ०८७-६८००११/९८५८३९१६४०; Website: adohumla.gov.np; ईमेल: adohumla1@gmail.com